# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, भदौ ४ गते, २०७६ साल (अतिरिक्ताङ्क ९(ख)

## भाग ३

नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

**नेपाल सरकार (कार्यसम्पादन) (पाँचौं संशोधन) नियमावली, २०७६**

नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "नेपाल सरकार (कार्यसम्पादन) (पाँचौं संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २४ मा संशोधन</u>** : (१) नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को नियम २४ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) प्रधानमन्त्री स्वदेश वा विदेश भ्रमणमा रहेको अवस्थामा समेत भिडियो कन्फ्रेन्सिङ्ग लगायतका सूचना प्रविधिको प्रयोग गरेर मन्त्रिपरिषद्को बैठक बस्न सक्नेछ ।"

आज्ञाले,
डिल्लीराज घिमिरे
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३